कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
दर्ता नं. ६०
५१९८

# नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश
**Federation of Nepalese Chambers of Commerce & Industry Koshi Province**

कृषि एक्स्पो
भाद्र २७-३०, २०८१

च.नं. : ०६-कृ.ए.(१२८-३)/२०८१/८२ मिति: २०८१/०५/१६

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
झापा।

विषय : **कृषि एक्स्पो २०८१ मा सहभागी हुने सम्वन्धमा।**

महोदय,

यस नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजना एवं प्रदेश सरकार, कोशी प्रदेश, उद्योग, कृषि तथा सहकारी मन्त्रालयको प्रवर्द्धन तथा नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) र कटहरी गाउंपालिकाको सहकार्यमा यहि भाद्र २७ गते देखि ३० गते सम्म कृषि एक्स्पो २०८१ हुन गईरहेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु।

यसै सन्दर्भमा, उक्त एक्स्पोमा कृषिका नवीनतम प्रविधि, कृषि व्यवसायका उत्पादन, पशुपंक्षीका दाना, भेटनरी लगायतका वस्तुहरुको प्रदर्शनी हुनका साथै कृषि विज्ञबाट प्यानल डिस्कशन, विटुवी छलफल लगायत एक्स्पोमा भारतको विहार राज्यबाट समेत कृषि विज्ञहरु आएर परामर्श दिने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउँदछु।

कृषि एक्स्पोलाई भव्य र सभ्य रुपमा सफल बनाउन कोशी प्रदेशका विभिन्न जिल्लाबाट एक्स्पोको अवलोकन गर्न आउने कृषकलाई खाना तथा आवासको व्यवस्था आयोजकबाट नै गरिने गरी व्यवस्था मिलाएको व्यहोरा अनुरोध छ। अत: एक्स्पो अवधिभर अवलोकन गर्न आउने दैनिक ५० जना अगुवा कृषकहरुको विवरण सहितको नामावली अग्रिम उपलब्ध गराई सहयोग गरिदिनहुन अनुरोध गर्दछु।

तहाँको सिफारिश नभई आएका कृषकहरुको हकमा खाना तथा आवासको व्यवस्था मिलाउन नसकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु।

राधारमण भण्डारी (श्याम)
कार्यकारी निर्देशक

**कृषि एक्स्पोको कार्यक्रम**
मिति २०८१ भाद्र २७ देखि ३० गते सम्म
समय: विहान ११ बजे देखि बेलुकी ६ बजे सम्म
स्थान: कृषि थोक बजार केन्द्र, कटहरी ,मोरंग
(विराटनगर, तीनपैनी, हनुमान रोड, सिंघिया खोला पारी)

**बोधार्थ**
१. श्रीमान् प्रदेश निर्देशकज्यू
प्रादेशिक कृषि निर्देशनालय,
कोशी प्रदेश विराटनगर

Bargachhi, Biratnagar-2, Nepal
Tel.: 00977-21-574018
बरगाछी, विराटनगर-२, नेपाल
टेलिफोन : ००९७७-२१-५७४०१८
STOP CHILD